स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'कार्साङ'मा अभिनेत्री शिल्पा मास्के अनुबन्धित भएकी छन् । यस शेर्पाको निर्देशनमा बन्न लागेको फिल्ममा यसअघि दयाहाङ राई, सुरक्षा पन्त, बुद्धि तामाङ र छिरिङ शेर्पा अनुबन्धित भइसकेका छन् । मास्के पनि जोडिएपछि तीन अभिनेत्रीले काम गर्ने पक्का छ । योसँगै कलाकारको लाइनअप पूरा भएको निर्देशक शेर्पाले अनलाइनखबरलाई जानकारी दिए । यो उनको डेब्यु निर्देशकीय प्रोजेक्ट हुनेछ । फिल्ममा शेर्पाको पटकथा र संवाद छ ।

**आजको विचार...**



डा. रुद्र अर्याल

नेपालको...

(दुई पेजमा)



गोवामा आयोजना हुन लागेको फिल्म बजार-२०२३ मा सहभागी हुन चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी सोमबार भारत प्रस्थान गरेका छन् । त्यसतर्फ उड्नुअघि बिहान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारसँग कुरा गर्दै उनले विदेशमा नेपाली फिल्मको बजार खोजी गर्ने उद्देश्यले आफू त्यता जान लागेको बताए । भारतमा नेपाली फिल्मको बजार खोजी र नेपालमा विदेशी फिल्मको छायांकन कसरी गर्न सकिन्छ भनेर आफू गोवा जान लागेको केसीले बताए ।

❒ वर्ष २९ ❒ अंक ११३ ❒ २०८० मंसिर ५ गते मंगलबार 21 November 2023, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**सक्षिप्त समाचार**

## ट्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु




**पाल्पा,** मंसिर ४/स्याङ्जाको पुतलीबजार नगरपालिका-१४ भिरबारीमा ट्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । भिरबारीस्थित भित्रि सडक खण्डमा तोप्सेबाट लामागेतर्फ आउँदै गरेको गरेको ग १ त ४९८७ नम्बरको ट्याक्टर सडकमै पल्टिँदा घटनास्थलमै चालकको मृत्यु भएको हो ।

सोमबार विहान साढे ९ बजे ट्याक्टर सडकमै पल्टिँदा दाङको दंगीशरण गाउँपालिका-४ का २८ वर्षका रामहरि चौधरीको घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रवक्ता डीएसपी इन्द्रबहादुर रानाले जानकारी दिए । घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# गाउँमा कोदो खेती घट्दै, सहरमा महत्व बढ्दै

**सुशीला रेग्मी (रासस)**

**रामपुर (पाल्पा),** मंसिर ४/ग्रामीण भेगमा कोदो खेतीले ढाकिने बारी अहिले खाली हुँदै गएका छन् । गाउँका बारी कोदो खेतीले भरिन्थे । गाउँमा सबैका जसो घर-घरमा कोदो लगाइन्थ्यो । पछिल्ला वर्षमा भने कोदो खेती कम हुँदै गएको बताउँछिन्, पाल्पा रामपुर नगरपालिका-१ स्थित कुमैडाँडाकी ६५ वर्षीया शान्ति विश्वकर्मा ।

"जवानी उमेरमा दिनभर बारीमा साथीहरुसँग कोदो रोप्दा रमाइलो हुन्थ्यो, घरमा मुरीका-मुरी उब्जन्थ्यो, अहिले त सबैले लगाउन छाड्दै गए, गाउँमा कोदो खेती गर्न कसैले चाख मान्दैनन्", उनले भने । उनले आफूले जान्ने बुझ्ने उमेर भएदेखि नै कोदो खेती गरेतापनि अहिले आएर सबैले खेती गर्न छाड्दै जाँदा गाउँका बारी बाँझिन थालेकोमा चिन्ता व्यक्त गर्छिन् । "हाम्रो पालामा जान्ने बुझ्ने उमेर भएदेखि नै गाउँघरमा कोदो रोप्ने



कार्यमा सहभागी भइन्थ्यो, अहिलेका पुस्तालाई कोदो के हो ? भन्ने नै थाहा हुनै छाड्यो" उनले भने, "गाउँको आफ्नै हातले उब्जाएको पोषिलो कोदो सेवनले शरीरलाई तागत दिन्थ्यो ।" उनले उमेरले बुढ्यौलीपन टेके पनि दु:खसुखले अझै पनि थोरै भएपनि कोदो लगाउन भने छाडेकी छैनन् । आफूले परम्परादेखि नै गर्दै आएको खेती आफ्ना सन्ततिले गर्न छाडे पनि उनले थोरै जग्गामा भएपनि निरन्तर गरिरहेकी छिन् । गाउँघरमा पाका पुस्ताको मात्र बसोबास, खेती गर्न झण्झटले कोदो लगाउन छाड्दै गएको पाइन्छ । पाल्पामा कोदो खेतीप्रति किसानको आकर्षण घट्दै जाँदा जिल्लामै यसको खेती कम मात्रामा गरिन्छ । कोदो फल्ने ठाउँमा नै किसानले खेती गर्न छाडेपछि अहिले बीउ जोगाउनका लागि पाका पुस्ताले निरन्तरता दिएका छन् । युवापुस्ताको यसप्रति आकर्षण देखिँदैन ।

दश वर्षअघिसम्म जिल्लाका पहाडी भेगका सबैजसो ठाउँमा कोदो लगाइन्थ्यो । गाउँका बारीमा कोदो राम्रै उब्जनी हुन्थ्यो । तर अहिले गाउँमा यसको बीउसम्म पनि पाउन मुस्किल पर्न थालेको किसान बताउँछन् । पहिला-पहिला गाउँघरमा प्रशस्त कोदो उत्पादन गरेर चामलसँग साट्ने चलन थियो । वर्ष दिनभर कोदोबाट चामल साटेर गुजारा चलाउने गरेतापनि हिजोआज व्यवसायीकरण रुपमा खेती गर्न छाडिएको छ ।

अन्य कृषि बालीको तुलनामा कोदो खेतीलाई धेरै लगानी र मेहनत गर्नु नपरेता पनि किसान आफैले खेती गर्न रुचि नदेखाउँदा अहिले व्यवसायीकरण हुन छाडेको रामपुर(१ कुमैडाँडाका अर्का कृषक गोवर्द्धन वंशी बताउँछन् । उनले कम्तीमा बर्सेनि चारदेखि पाँच मुरीसम्म कोदो उत्पादन गर्ने गरेकोमा अहिले मुस्किलले आठ/दश पाथी उब्जाउ हुने गरेको बताए । उनी भन्छन्, "गाउँमा बसोबास गर्ने भनेको ज्येष्ठ नागरिक मात्रै हो, युवापुस्ता सहर बजार, विदेशतिर पलायन भए, हिजो आफ्नै हातले मुरीका(मुरी फलाएका कोदो अहिले थोरै बीउ जगेर्नाका लागि मात्रै लगाउने गरिएको छ, बुढ्यौली लाग्दै गर्दा खेती गर्नै नसक्ने भएपछि कस्को के नै लाग्छ र ? ।" यस वर्ष वंशीले करिब एक रोपनी जग्गामा कोदो लगाएका छन् ।

*(...बाँकी अन्तिम पेजमा)*

## भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

**भुकम्पले :**

- घर, पुल तथा अन्य संरचना भत्कन सक्दछ ।
- विद्युत तथा टेलिफोन सेवा अवरोध हुन सक्दछ ।
- बाढी, पहिरो तथा आगलागीको जोखिम भई जनधनको क्षति हुन सक्दछ ।

त्यसैले,

- घर, पुल तथा अन्य संरचना बनाउँदा भूकम्प प्रतिरोधी बनाऔं ।
- घर वरिपरी तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
- भुकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।



नेपाल सरकार

**विज्ञापन बोर्ड**

## उदाउँदो सूर्यलाई अर्घ्य दिँदै सकियो छठ

**पाल्पा,** मंसिर ४/उदाउँदो सूर्यलाई अर्घ्य दिँदै यस वर्षको छठ सकिएको छ । आइतबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिएका ब्रतालुले सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि छठ पर्व सकिएको हो ।

चार दिनसम्म मनाइने छठ पर्व कार्तिक शुक्ल चतुर्थीको दिनदेखि सुरु भई कार्तिक शुक्ल सप्तमी तिथिका दिन सम्पन्न भएको हो । छठ पर्वको पहिलो दिन 'नहाय खाय' विधि मनाइन्छ । मिथिलाञ्चलवासीका लागि प्रमुख पर्वमध्ये छठ पर्व पनि एक मानिन्छ । जसरी दीपावलीको तयारी १५ दिनअघिदेखि सुरु हुने गर्दछ त्यसरी नै छठ पर्वको तयारी पनि एक हप्ता पहिलेदेखि नै सुरु हुने गर्दछ । यो पर्वमा खासगरी सूर्यदेवको उपासना गरिन्छ । हिन्दू धर्ममा सूर्य पूजाको परम्परा वैदिककालदेखि नै रहँदै आएको मानिन्छ । त्यसले गर्दासमेत यस पर्वको परम्परालाई उक्तरुपले नै देखिन्छ । गरिब, धनी, दलित एवं उँचनिचको ख्याल नगरी यो पर्व समाजमा रहेका सबै वर्ग



एकसाथ मिलेर मनाउने गरेका छन् । सूर्य देवतालाई पहिलो दिनको अर्घ्य अर्पण गरिन्छ जसलाई मैथिली भाषामा 'सझुँका अर्घ्य' भनिन्छ । सूर्य देवतालाई खास गरी उक्त दिन अर्घ्य दिइने गरिन्छ जुन दिन उदयकालमा केहीबेरका लागि भए पनि षष्ठी तिथि परेको होस् ठीक त्यसैअनुरुप उदयकालमा दिइने अर्घ्य का लागिसमेत त्यही विधि अपनाइन्छ र उक्त दिन पनि सप्तमी तिथि नै रहेकाबेला 'भोरका अर्घ्य' दिइन्छ । छठ पूजामा जुन सामग्री साँझको समयमा सूर्य देवतालाई प्रसादका रुपमा अर्घ्य अर्पण गरिन्छ उक्त प्रसाद नै पुन: बिहानको समयमा अर्थात् 'भोरका अर्घ्य' मा दिइने परम्परा छ । सूर्य देवतालाई अर्पण गरिएको प्रसाद साँझदेखि बिहानसम्म जलाशयमा बनाइएको घाटमा नै राखिन्छ तर केही स्थानमा नदीमा अचानक आउने बाढी, जनावर वा असुरक्षाका कारण घाटबाट प्रसाद घर लगिन्छ र बिहानपख सूर्य उदाउनुभन्दा अगावै पुन: त्यो प्रसाद घाटमा ल्याई छठ पर्व मनाइन्छ ।

छठ व्रत गर्ने सबैजना चौठी तिथिका दिन नुहाइधुवाइ गरी चोखो भई 'अर्वाअर्वाइन' खाने गर्दछन् । यही तिथिका दिनदेखि छठ पर्व औपचारिकरुपमा प्रारम्भ हुने गर्दछ । यसदिन व्रत गर्ने महिला र पुरुष नुहाई धुवाइ गरी शुद्ध वस्त्र लगाई शाकाहारी भोजन खाने गर्दछन् । कार्तिक शुक्ल पञ्चमी तिथिका दिनभरि पर्व गर्ने व्रतालु उपवास गर्ने गर्दछन् । उक्त दिन साँझमा माटोले बनाइएको नयाँ चुलोमा नयाँ माटोको भाँडामा अर्वा चामलको खीर बनाउने गरिन्छ । कार्तिक शुक्ल षष्ठी तिथिका दिन व्रत गर्ने महिला अस्ताउँदो सूर्यलाई अर्घ्य दिन्छन् भने पुरुषले सूर्य देवतालाई अर्घ्य अर्पण गर्ने समयसम्म पोखरी, तालतलैयामा हातमा नरिवल वा अन्य फलफूल लिइ उभिरहेका हुन्छन् । साँझको समयमा घण्टौँसम्म जलमा रही नाङ्लो, कनसुप्ती, ढकना, सरबा लगायतमा राखिएका ठकुआ, भुसवा, केरा, नरिवल, उखु, सुन्तला, कागती, सिंगारा, फलफूल, पान, सुपारी, धूप, दीप लगायतले अस्ताउँदो सूर्यलाई अर्घ्य दिने चलन रहेको छ । पुराणका अनुसार प्रकृति देवीको एक प्रधान अंशलाई देवसेना भनिन्छ जुन की सबैभन्दा श्रेष्ठ मातृका मानिन्छ । माता सृष्टी सम्पूर्ण जीवको रक्षिका देवी हुन् । प्रकृतिको छैठौँ अंश भएका कारण उनको नामसमेत षष्ठी छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## अब चिन्ताले मात्रै पुग्दैन

नेपालमा अहिले विभिन्न किसिमका अराजनैतिक र राजनैतिक समस्याहरु देखा पर्न थालेका छन् । राजनीतिका कुरा गर्नेहरुका लागि राजनीति, वास्तवमै खराव मनसायका साथ गरिने क्रियाकलाप हो त ? भन्ने मनमा जिज्ञासा र कौतुहलता सृजित भएको अवस्था छ । जताततै राजनीति र लोकतन्त्रप्रतिको आस्था र विश्वासमा टिकेका विचारहरु प्रतिको सामूहिक र संस्थागत आक्रमण र प्रतिआक्रमणले गर्दा नयाँ पुस्ताले राजनीतिलाई नकारात्मक शैलीको रुपमा बुझ्ने गरेको पाइन्छ । समस्या माथि समस्या अनि राजनैतिक क्रियाकलाप माथिको आक्रामक हाम्रो समाज अब कुन दीशातर्फ अग्रसर हुने हो, चिन्ता र चासो बढेको बढेइ छ । प्रणाली प्रति नै विश्वास नगर्नेहरुको जमात दिनप्रति दिन बढिरहेको छ ।

कतिपय विश्वास पात्रका लागि पनि विश्वासले नै धोका दिन्छ कि भन्ने सन्त्रास बढिरहेको अवस्था छ । त्यसकारण विश्वास माथि नै कुठाराघात हुन्छ कि भन्ने चिन्ता र चासो बढ्दै गएको अवस्थाप्रति कसैले पनि चिन्ता गरेका छैनन् । नराम्रा मध्येका राम्रा, खोज्ने कि, राम्रा नहुँदासम्म देशले राजनैतिक संस्कारकै विकासमा तगारो लगाउँने भन्ने चिन्ता र चासोमा पनि ह्रास आइरहेको छ । लोकतन्त्र अनि वाकस्वतन्त्रता छैन भनौ भने मनमा लागेको हरेक विचारहरु विभिन्न खालका माध्यमबाट व्यक्त भएकै छन् । नेता र दलहरु सबै इमानदार बन या बनौं भन्ने मात्रै तर्कमा सिमित हुने अवस्था देखिन्छ र नभएको होइन तर इमानदारहरु जहिले पनि अल्पमतमा परेका कारण यी र यस्ता समस्याहरु आएका हुन् भन्ने बेला आएको आभास भइरहेको छ । समयानुसार हरेक दल र नेताहरुको इमानदारिताको प्रतिविम्वलाई यथावत राख्दै देशले प्राप्त लोकतन्त्र र नयाँ संविधानको सही कार्यान्वयन र अनियमिताका पक्षधरलाई कार्यवाही र इमानदारलाई जिम्मेवारी सुम्पिने खालको वातावरणका लागि सबैले विगतको आत्मालोचना र उज्वल भविश्यको आशा अनि विश्वास साथ अगाडि नबढ्दासम्म कुनै कोणबाट पनि राम्रो भएको अनुभूत गर्न सकिने अवस्था छैन । त्यसैले मुलुकमा अब 'भाई फुटे, सत्रुले मज्जा लुटे' बाहेक केही हुन सक्दैन भन्ने चिन्तालाई न्यूनिकरण गर्ने र जनताका पक्षमा काम हुनुपर्छ भन्ने सोंचको विकास हुनुपर्ने हुन्छ । अनि मात्र मुलुक र मुलुकवासीले भविश्यप्रति आशा गर्ने थिए ।

## Opinion @ Social Network

जे छ मनमै छ सुनाउन छाडिसके मैंले
सुनेर नि बुझिदिने कोही नभएपछि ।

*(दिलु रानाको फेसबुक स्टाटस https://www.facebook.com/Dilu.Rana.)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालको वातावरणीय चुनौती र विपद् जोखिम व्यवस्थापन



**डा. रुद्र अर्याल**

*अहिले आएर विभिन्न विकसित देशहरूले कडाइका साथ वायु प्रदूषणबाट बच्न र कम गर्न विभिन्न मापदण्ड प्रयोगमा ल्याएका छन् भन्ने तथ्यलाई हामीले पनि स्वीकार गर्नुपर्छ । तीमध्ये भारत, चीन लगायत विश्वका धेरै देशमा घर र कार्यालयहरूमा उच्च-दक्षता कण वायु फिल्टरहरू सहितका एयर प्युरिफायरहरूको प्रयोग गर्दै हावाबाट सूक्ष्म कणहरू र प्रदूषकहरू हटाई घरभित्रको हावाको गुणस्तरमा व्यापक सुधार गरिएका छन् । त्यसैगरी उद्योगहरूले निकाल्ने प्रदूषणलाई नियन्त्रण गर्न प्रभावकारी प्रविधिको रूपमा इलेक्ट्रोस्टेटिक प्रिसिपिटेटरहरू प्रयोग गरिएको छ । जसले गर्दा उद्योगहरूका ग्यासबाट निस्केका प्रदूषित कणहरू इलेक्ट्रोस्टेटिक चार्ज प्रयोग गरी हटाई वायु प्रदूषण कम गर्ने गरिएका छन् । त्यहाँ रूखहरू व्यापक रूपमा रोपेर 'हरित बेल्ट' विकास गर्दै वातावरणीय सुन्दरता विकास गरिएका छन् ।*

एनआरएन अन्तर्राष्ट्रिय कमिटीले हरेक दुई वर्षमा नेपाल र नेपाल बाहिर रहने नेपाली विज्ञहरूको टोलीलाई सहभागी बनाई विभिन्न विषयमा अन्तर्राष्ट्रियस्तरको ज्ञान सम्मेलन गर्दै आएको छ । आफ्नै लगानीमा यो सम्मेलन गरेर एनआरएनले नेपाल भित्र र बाहिरका नेपाली विज्ञहरूलाई एकै ठाउँमा ल्याई नेपालको प्रत्यक्ष विकाससँग जोड्न एक महत्वपूर्ण काम गरेको छ । यही सम्मेलन अन्तर्गत नेपालको वातावरणीय चुनौती र विपद् जोखिम व्यवस्थापन सम्बन्धमा भएको सेमिनारको अध्यक्षता गर्ने अवसर मलाई मिलेको थियो । यस लेखमा विशेषगरी वायु प्रदूषण, प्रदूषणबाट हिमालयमा परेको प्रभाव, सीमापारिका देशहरूबाट नेपालमा हुने वायु प्रदूषण र विपद् जोखिम व्यवस्थापन जस्ता नेपालले सामना गरिरहेका केही प्रमुख समस्याको बारेमा छोटो विश्लेषण गरिएको छ । थोरै क्षेत्रफल ओगटे पनि तराई, पहाड र हिमालमा विभाजित नेपालका आफ्नै मनमोहक परिदृश्य र समृद्ध सांस्कृतिक सम्पदाको उपस्थितिले गर्दा विश्वका विश्वविद्यालयदेखि सरकारी केन्द्रहरू सम्मका लागि वातावरणीय प्रभाव र सांस्कृतिक अवस्थाको विश्लेषण गर्न नेपाल प्रमुख रूपमा छनोट क्षेत्रमा पर्ने गरेको छ । म आफू पनि लामो समयदेखि नेपालको वायु प्रदूषणको अध्ययनमा संलग्न भएको छु । सँगै लामो समय अमेरिकादेखि विश्वका विभिन्न क्षेत्रहरूका वातावरणीय परिस्थितिहरूको अनुसन्धान गरेकोले पनि मलाई यो निष्कर्ष निकाल्न अप्ठेरो लाग्दैन कि- हाम्रो देश प्राकृतिक रूपमा राम्रो हुँदाहुँदै पनि असंख्य वातावरणीय चुनौतीबाट मुक्त छैन । त्यसैले यो विषय अति नै संवेदनशील छ र यसमा तत्काल ध्यान दिन आवश्यक छ ।

**वायु प्रदूषण: हिमालहरू झन् जोखिममा**

शहरीकरण, औद्योगीकरण र सवारी साधनको वृद्धिले गर्दा नेपालको वायु प्रदूषणको समस्या अझ बढी विकराल हुँदै गइरहेको छ । शहरी क्षेत्रहरूमा सवारी साधन र औद्योगिक गतिविधिको बाक्लो उपस्थितिले वायुमण्डलमा धूलाका कणहरू प्रदूषकको रूपमा छन्, जसले आम जनताको स्वास्थ्य र वातावरणीय परिस्थितिमा प्रतिकूल असर पारेको देखिन्छ । अझ विशेषगरी नेपालका शहरी क्षेत्रहरूका बाटाघाटाहरूको मर्मत समयमा नहुँदा धुलाको समस्या अझ बढी भएको देखिन्छ । यस समस्याको गम्भीरतालाई प्रभाव पर्ने गरी नेपाल सरकारले प्रदूषण नियन्त्रणका लागि यातायात क्षेत्रका नियमहरू परिमार्जन गर्ने गरेको छ । यस्तै प्रदूषण नियन्त्रण मापदण्ड लागू गर्ने जस्ता कडा कदम चालेको पनि छ । तर, यी विषयमा सबै पक्षले गम्भीरतापूर्वक नलिएको देखिन्छ । अहिले आएर विभिन्न विकसित देशहरूले कडाइका साथ वायु प्रदूषणबाट बच्न र कम गर्न विभिन्न मापदण्ड प्रयोगमा ल्याएका छन् भन्ने तथ्यलाई हामीले पनि स्वीकार गर्नुपर्छ । तीमध्ये भारत, चीन लगायत विश्वका धेरै देशमा घर र कार्यालयहरूमा उच्च-दक्षता कण वायु फिल्टरहरू सहितका एयर प्युरिफायरहरूको प्रयोग गर्दै हावाबाट सूक्ष्म कणहरू र प्रदूषकहरू हटाई घरभित्रको हावाको गुणस्तरमा व्यापक सुधार गरिएका छन् । त्यसैगरी उद्योगहरूले निकाल्ने प्रदूषणलाई नियन्त्रण गर्न प्रभावकारी प्रविधिको रूपमा इलेक्ट्रोस्टेटिक प्रिसिपिटेटरहरू प्रयोग गरिएको छ । जसले गर्दा उद्योगहरूका ग्यासबाट निस्केका प्रदूषित कणहरू इलेक्ट्रोस्टेटिक चार्ज प्रयोग गरी हटाई वायु प्रदूषण कम गर्ने गरिएका छन् । त्यहाँ रूखहरू व्यापक रूपमा रोपेर 'हरित बेल्ट' विकास गर्दै वातावरणीय सुन्दरता विकास गरिएका छन् । गाडीबाट निस्कने प्रदूषणको मात्रालाई कडाइका साथ लागु गर्दै लगिएको छ । शहरको बीचमा ठूला ठूला एअर-फिल्टरहरू राखेर हावालाई स्वच्छ बनाउने र विद्युतीय सवारी साधनहरूलाई प्रोत्साहन गरिएका छन् । वायु प्रदूषणको नकारात्मक असर बारे जनचेतना जगाउने र शहरका चोकहरूमा प्रष्ट रूपमा प्रदूषणको मात्रा देखिने गरी उपकरणहरू राखिनुपर्ने विषयमा छलफल भइरहेका छन् ।

आन्तरिक प्रदूषण बाहेक नेपालले सीमा बाहिरबाट नेपालसम्म आइपुग्ने प्रदूषणहरूको समेत प्रभाव झेलिरहेको छ । यस सम्बन्धमा करिब दुई वर्ष पहिला म सहित अन्तर्राष्ट्रिय अध्ययन टोलीको एउटा अनुसन्धान पत्र अन्तर्राष्ट्रिय वैज्ञानिक शोधपत्रमा समेत प्रकाशित भएको थियो । सन् २०१७ को डेटालाई आधार मानेर गरिएको सो अध्ययन अनुसार विन्टर र प्रि-मनसुन समयमा -डिसेम्बरदेखि मे महिनासम्म) मा विशेषगरी अरबियन र पाकिस्तानको विभिन्न भागबाट इन्डियाको पश्चिम उत्तर क्षेत्र हुँदै नेपालमा वायु प्रदूषण प्रवेश गरेको भेटिएको थियो । यस्तै मनसुनको समयमा (जूनदेखि सेप्टेम्बरसम्म) विशेषगरी इन्डियाको 'बे अफ बङ्गाल' देखि इन्डियाकै उत्तर-पूर्वी क्षेत्र हुँदै नेपालको दक्षिण-पूर्वी भागबाट नेपाल प्रवेश गरेको देखियो । त्यसैगरी पोस्ट मनसुन सिजनमा (अक्टोबर-नोभेम्बर) भने हावाको गतिमा केही कम भएको, इन्डियाको उत्तर पूर्वी क्षेत्र र बंगलादेशको प्रदूषण अनि नेपालको आन्तरिक प्रदूषणहरूको प्रभाव हिमालसम्म पुगेको देखिएको थियो । यसरी छिमेकी राष्ट्रहरूबाट उत्पन्न हुने अन्तरदेशीय वायु प्रदूषणले नेपालमा वायुको गुणस्तरमा समस्या थपेको प्रष्ट रूपमा देखिन्छ । नेपाल सरकारले यो प्रदूषणको आवागमनमा सम्बोधन गर्न क्षेत्रीय सहयोगको नीतिका लागि समन्वयात्मक प्रयास गर्नु अति आवश्यक देखिन्छ । संयुक्त राष्ट्रसंघका फोरमहरूमा हुने छलफलहरूमा समेत छिमेकी राष्ट्रहरूका कारणले व्यहोर्नुपर्ने प्रदूषणको समस्यालाई विशेष महत्व दिएर उठाउने काम भइरहेको छ र पीडित देशहरूले क्षतिपूर्ति समेत पाउनुपर्ने 'क्लाइमेट जस्टिस' को रूपमा समेत ठूलो आवाज उठिरहेको छ । यसमा अझ विशेष पहल र कूटनीतिक संलग्नताको आवश्यकता देखिन्छ ।

नेपालको जलवायु सन्तुलनमा हिमालय क्षेत्रले महत्वपूर्ण भूमिका खेलेको छ । विभिन्न समयमा भएका वैज्ञानिक अध्ययनहरूबाट नेपालभित्रकै प्रदूषण, हिमाल चढ्दा फालिने वस्तुहरूको प्रभाव र छिमेकी देशहरूबाट हावा मार्फत आउने कार्बन लगायत विभिन्न मेटालिक कणहरूले गर्दा हिमाल पग्लने खतरा एकदमै बढेको देखिन्छ । यसमा पनि विश्वव्यापी बढ्दो तापक्रमले गर्दा हिउँ पग्लँदै जाने र कालान्तरमा हिमनदीहरू सुक्ने, वर्षाको ढाँचामा परिवर्तन हुने जस्ता विषम परिस्थितिले गर्दा हिमाली क्षेत्रमा बसोबास गर्नेहरूको जीविकोपार्जनमा प्रत्यक्ष खतरा निम्त्याउने जोखिम छ । यसले हिमाल भन्दा तलका क्षेत्रहरूमा समेत दूरगामी प्रभावहरू पार्ने देखिन्छ । यी प्रभावहरूको अनुगमन र न्यूनीकरण गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा प्रयासहरू बढाउनुपर्ने खाँचो छ ।

**विपद् जोखिम व्यवस्थापन**

नेपालको भौगोलिक विविधताले भूकम्प, पहिरो, बाढी लगायत विभिन्न प्राकृतिक प्रकोपहरूले समग्र सुरक्षा प्रणालीलाई नै अति संवेदनशील बनाएको देखिन्छ । हालैका वर्षहरूमा देशले विभिन्न क्षेत्रमा विनाशकारी भूकम्पहरूको अनुभव गरेको छ । धेरै धनजनको क्षति हुनुमा नागरिक तहमा राष्ट्रियस्तरमा जागरुकतामा कमी र आपत्-विपद् पर्ने परिस्थितिमा कस्तो खाले सरकारी सहयोग गर्ने भन्ने बारेमा कुनै योजनाहरू समेत नबनेको देखिन्छ । बलियो विपद् जोखिम व्यवस्थापन रणनीतिहरूको महत्वलाई जोड नदिने हो भने आउँदा दिनमा भयङ्कर आपत् आइलाग्न सक्ने अनुसन्धानहरूले देखाएका छन् । घर निर्माणमा भौगोलिक परीक्षण, प्राकृतिक प्रकोप हुने ठाउँमा बन्ने घरहरूको बनोटलाई ख्याल गर्नु जरूरी छ ।

त्यस बाहेक प्रारम्भिक चेतावनी प्रणालीमा लगानी, पूर्वाधारमा लचिलोपन र सामुदायिक तयारी जस्ता विपद्को प्रभावलाई न्यूनीकरण गर्ने पक्षमा राष्ट्रको समग्र शक्ति प्रयोग गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरबाटै लगानी गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा विदेशमा बस्ने दक्ष नेपालीको समेत सहयोग महत्वपूर्ण हुनसक्छ । अन्त्यमा, नेपालका वातावरणीय चुनौती प्रशस्त छन् । यी मुद्दाहरूको पहिचान र तिनको न्यूनीकरणका लागि विदेशमा रहने दक्ष नेपालीहरू सहयोगी हुनसक्छन् । यसैगरी नेपालका अनुसन्धानकर्ताहरू, विभिन्न विश्वविद्यालयका तर्फबाट र सम्बन्धित मन्त्रालय समेतले स्थानीयदेखि केन्द्रसम्मकै विशेष किसिमको एकीकृत कार्यक्रम बनाएर अघि बढ्ने प्रतिबद्धता देखाउनुपर्ने अवस्था छ । स्थानीय पहल र अन्तर्राष्ट्रिय सहयोगको संयोजनबाट, नेपालले वातावरण संरक्षणका जटिलताहरूलाई कम गर्न सक्छ र कालान्तरमा यसबाट पर्ने जोखिमलाई समेत निराकरण गर्न सक्ने अवस्थामा पुग्न सक्नेछ । हामी सबैले वातावरणीय सुन्दरतालाई महत्व दिँदै काम गर्न थाल्यौं भने प्राकृतिक प्रकोपको जोखिम कम गर्ने मामिलामा नागरिकदेखि स्थानीय र केन्द्रसम्मका सरकारहरूको भूमिका महत्वपूर्ण हुनेछ ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा शान्ति छाउनेछ । विशिष्ठ व्यक्तिको साथ पाईनेछ । | **तुला** : धार्मिक कार्यमा रुची बढ्नेछ । दैनिक कार्यमा सफलता पाईनेछ । |
| **वृष** : विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । आत्मबलले काम गरे असफल भईदैन । | **वृश्चिक** : दैनिक कार्यमा प्रगति हुनेछ । सामाजिक कार्यमा मन जाला । |
| **मिथुन** : भाग्यशाली भएर देखा पर्नेछ । विशेष सहयोग मिल्नेछ । | **धनु** : इच्छा र आकांक्षा पूर्ण हुनेछ । शुभारम्भको चर्चा चल्नेछ । |
| **कर्कट** : मिठो मसिने भोजनको अवसर छ । स्वास्थ्य सम्बन्धी समस्या आउनेछ । | **मकर** : स्वास्थ्यमा खरावी रहला । आर्थिक कारोवारमा मन्दी आउनेछ । |
| **सिंह** : दाम्पत्य जीवन सुखमय हुनेछ । विद्या र बुद्धिको विकास हुनेछ । | **कुम्भ** : इनाम र प्रतिष्ठा कमाउने समय छ । वित्तिय संस्थाबाट सहयोग पाईनेछ । |
| **कन्या** : मनमा दुविधा उत्पन्न हुनेछ । विवादपनि बढ्नेछ । | **मीन** : घरमा अतिथीको आगमन हुनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । |

## चना प्रविधि

# भीपीएन के हो ? जोखिम के छ ?

नेपाल सरकारले सामाजिक सञ्जाल टिकटक प्रतिबन्ध गरेपछि अहिले धेरैले सुनेको शब्द हो 'भीपीएन' । मन्त्रिपरिषदले टिकटक बन्दको निर्णय गरेपछि नेपाल दूरसञ्चार प्राधिकरणले सबै इन्टरनेट सेवा प्रदायकलाई पत्र लेखेर टिकटक प्रतिबन्धको निर्णय कार्यान्वयन गर्न निर्देशन दियो । त्यसपछि नेपालका सबैजसो इन्टरनेट सेवा प्रदायकले आफ्ना ग्राहकले टिकटक चलाउन नमिल्ने बनाए । तर केही प्रयोगकर्ताले भीपीएन प्रयोग गरेर टिकटक चलाइरहेका छन् । कम्प्युटर एसोसिएन अफ नेपाल (क्यान)का महासचिव चिरञ्जिवी अधिकारीका अनुसार बुधबारसम्म करिब १ लाखको हाराहारीमा भीपीएन प्रयोग भइरहेको तथ्याङ्क छ । यो तथ्याङ्क दिनदिनै बढ्दोक्रममा रहेको उनको भनाइ छ ।



**के हो भीपीएन ?**

'भर्चुअल प्राइभेट नेटवर्क' अर्थात् 'भीपीएन' हामीले प्रयोग गर्ने उपकरण र अन्य कम्प्युटरबीचको इन्टरनेटलाई सुरक्षित सञ्जाल स्थापित गर्ने प्रविधि हो । यसले उपकरण र अन्य कम्प्युटरको बीचमा पुलको काम गरिदिन्छ । सामान्यतया हामी अनलाइन हुँदा हामीले प्रयोग गरिरहेको उपकरणबाट इन्टरनेट सेवा प्रदायकको माध्यम हुँदै इन्टरनेटको ठूलो सञ्जालमा जोडिन्छौं । तर भीपीएनले हामीलाई अर्को एउटा कम्प्युटरमार्फत् इन्टरनेटको सञ्जालमा जोडिदिन्छ, यसले गर्दा हाम्रो परिचय गोप्य रहन्छ । अधिकांश भीपीएन कार्यालय प्रयोजनका लागि मात्रै प्रयोग गर्न मिल्ने गरी बनाइए पनि हाल आएर यसको पहुँच व्यक्तिगत रूपमा पनि हुन थालेको छ । खासगरी जुन वेबसाइटमा पहुँच पुर्याउन सकिँदैन त्यो वेबसाइटमा पहुँच पुर्याउनका लागि भीपीएन प्रयोग गरिन्छ । यसका लागि हामी कुनै भीपीएन निःशुल्क प्रयोग गरिरहेका हुन्छौं भने कुनै पैसा तिरेर ।

**भीपीएन कति सुरक्षित ?**

साइबर सुरक्षा विज्ञ एवं भैरव टेक्नोलोजीका सीईओ विजय सेनिहाङ लिम्बुका अनुसार साधारणतया भीपीएन सुरक्षित नभए पनि यसलाई सुरक्षित बनाएर प्रयोग गर्न सकिने बताउँछन् । तर निःशुल्क प्रयोग गर्न मिल्ने भीपीएनको साटो पैसा तिरेर प्रयोग गर्न मिल्ने भीपीएनहरू सुरक्षित हुने उनको भनाइ छ । उनी भन्छन्, 'निःशुल्क पाइने सबै भीपीएनहरू सुरक्षित हुँदैनन् । सित्तैमा पाइने भीपीएनबाट र्‍यानरमवेयर भाइरसहरू पनि डाउनलोड हुन्छ । यसले भीपीएनबाट चलाउने सबै नेकवर्कमा असर गर्न सक्छ ।' भीपीएनलाई सुरक्षित रूपमा चलाउन मिल्ने भएपनि फेसबुक लगायतका सामाजिक सञ्जाल चलाइरहनु सुरक्षित तरिका चाहिँ होइन, यसले डिभाइसमा भएका अरू सामाजिक सञ्जाललाई असर पार्न सक्छ,' उनले भने, 'सित्तैमा पाइने भीपीएनले अरू माल्वेअरहरू आएर हाम्रो डिभाइसमा बस्छ जसले घरदेखि अफिससम्मको डेटा चोरी हुने खतरा बढ्न सक्छ ।'


**ह्याक हुने जोखिम**

यता, कतिपय भीपीएनहरूले विभिन्न माध्यमबाट हामीले चलाउने उपकरणहरूमा स्पाइवेअर, माल्वेअरहरूलाई बाटो दिने माध्यमको रुपमा बनिरहेको कम्प्युटर एशोसिएसन अफ नेपाल 'क्यान फेडेरेसन'का महासचिव चिरञ्जीवी अधिकारी बताउँछन् । यसले गर्दा हाम्रो घरमा चलाउनेदेखि अफिसमा चलाउने डिभाइसहरू समेत जोखिममा पर्न सक्छन् । उनी भन्छन्, 'निःशुल्क भीपीएन प्रयोग गरेर हामी प्राय एउटै उपकरण घरमा पनि चलाइरहेका हुन्छौं । अनि अफिस आउँदा पनि सोही उपकरण प्रयोग गरेर अफिसमा काम गरिरहेका हुन्छौं । तर भीपीएनले हाम्रो सामाजिक सञ्जालका खाताहरू, कर्पोरेट अफिस, सरकारी कार्यालय बैङ्किङ सूचनाहरू चोरीको जोखिम उच्च हुन्छ ।' ह्याकरहरूले इन्क्रिप्ट गरेर विभिन्न माध्यमबाट माल्वेअरहरू पठाउने भएकाले त्यसमा एक क्लिक हुनेबित्तिकै हाम्रोबाट सूचनाहरू चोरी हुने जोखिम उच्च हुने अधिकारीको भनाइ छ । 'हामीले भीपीएन प्रयोग गर्दा तस्वीरको माध्यमबाट कोडहरू पठाउँछ र भेरिफाइ गर्न लगाउँछ । हामीले त्यो कुरा सजिलै भेरिफाइ गर्नतर्फ लाग्छौं । सित्तैमा भीपीएन पाउने लोभमा यसबाट हाम्रा सूचनाहरू चोरी भइरहन्छ । पछि एकैचोटि आक्रमण हुन्छ र पछि ह्याकरले हाम्रो अकाउन्ट ह्याक गरिदिन्छ ।' कसैले फेसबुक वा टिकटकमा भीपीएन प्रयोग गर्न सुझाव दिएका आधारमा मात्रै यस्ता सफ्टवेयरहरू चलाउन नहुने उनको सुझाव छ । 'भाइरसहरू र मलिशस कोडहरू त एकदमै फैलिन्छन् । तपाईले क्लिक गर्नुभयो भने तपाईँका साथीहरूलाई पनि पुग्न सक्छ र तपाईलाई विश्वास गरेर उनीहरूले त्यो क्लिक गरेर अझै फैलाउँछन् र ह्याक हुने जोखिम हुन्छ,' अधिकारी भन्छन् ।

*-अनलाइन खबर डटकम*

# एमडीएमएसबाट बन्द भएका फोन तत्काल नखुल्ने

नेपाल दूरसञ्चार प्राधिकरणले कात्तिक २० गतेदेखि मोबाइल डिभाइ म्यानेजमेन्ट सिस्टम ( एमडीएमएस)मा दर्ता नभएका फोन ब्लक गर्न थालेको छ । पहिलोपटक प्राधिकरणले एक हजारभन्दा बढी आइफोन र अन्य महँगा एन्ड्रोइड फोन ब्लक गरेको थियो । प्राधिकरणले एमडीएमएसमा दर्ता नभएका फोनहरु क्रमशः बन्द गर्दै जाने बताएको छ ।




एमडीएमएसमा दर्ता नभएका फोन ब्लक हुन थालेसँगै ब्लक भएका फोन प्रयोगकर्ताले कर तिरेर आफ्नो फोन अनब्लक गर्ने विकल्पबारेको व्यवस्थाका विषयमा जिज्ञासा व्यक्त गरेका छन् ।

**कसरी खुल्छ एमडीएमएसबाट ब्लक भएको फोन ?**

प्राधिकरणले दूरसञ्चार सेवा अवरुद्ध गरेको वा ब्लक गरिएको फोन अनब्लक गर्ने वा खुला गर्न तत्काल व्यवस्था नभएको बताएको छ । प्राधिकरणका सहायक प्रवक्ता अच्युतानन्द मिश्रले प्रतिबन्ध लागेका फोन कर तिरेर कसरी खुलाउने भन्नेबारे तयारी भइरहेको बताए । "एमडीएमएसबाट ब्लक गरिएका फोन कर तिरेको अवस्थामा कसरी खुलाउने भन्ने कार्यविधि बनेको छ । अब, त्यसतर्फ काम भइरहेको छ । त्यो व्यवस्था भएपछि फोन अनब्लक गर्न सकिनेछ," प्राधिकरणका सहायक प्रवक्ता मिश्रले भने । नेपालमा करिब ५० लाखको संख्यामा एमडीएमएसमा दर्ता नभएका फोन रहेको प्राधिकरणले जनाएको छ । लामो समयदेखि एमडीएमएस प्रणाली कार्यान्वयनमा ल्याउन खोजेको प्राधिकरणले कात्तिक २० देखि मात्रै थोरै-थोरै संख्यामा गरेर फोन ब्लक गर्न थालेको हो ।

*-डिसी नेपाल डटकम*

# ओपनएआईमा फर्किएलान् स्याम अल्टम्यान ?

कृत्रिम बौद्धिकताले मान्छेको जागिर खाइदिने चिन्ताबीच एआई बनाउने कम्पनी ओपनएआईका प्रमुख कार्यकारी अधिकृत (सीईओ) स्याम अल्टम्यानकै जागिर गयो । ओपनएआईको सञ्चालक समितिले अल्टम्यानलाई सीईओ पदबाट हटाए । कम्पनी चलाउन सक्ने उनको क्षमताप्रति सञ्चालक समितिलाई विश्वास नै भएन । ३८ वर्षीय अल्टम्यानले ओपनएआई लन्चमा कम्पनीलाई मद्दत गरेका थिए । च्याट जीपीटी बोट बनाउने कम्पनी हो ओपनएआई । च्याटजीपीटीको लञ्चपछि अल्टम्यान टेक उद्योगका हाई-प्रोफाइल व्यक्ति बनेका थिए । तर यतिबेला कम्पनीमाथि अल्टम्यानलाई फिर्ता ल्याउन दबाब बढिरहेको छ । कम्पनीका कयौँ लगानीकर्ताहरू अल्टम्यानको समर्थनमा आइरहेका छन् । उनलाई सीईओ पदबाट हटाउने फैसला फिर्ता गर्न केही लगानीकर्ताहरूले सञ्चालक समितिका सदस्यहरूलाई दबाब दिइरहेको खबर पनि यति बेला आइरहेको छ । अल्टम्यानको बर्खास्तीको खबरले कम्पनीका लगानीकर्ता र स्वयम् अल्टम्यान समेत अचम्मित बनेका थिए । उनको समर्थनमा कयौँ कर्मचारीले कम्पनी पनि छाडेका छन् । यसमा ओपनएआईका सह-संस्थापक ग्रेग ब्रोकम्यान पनि पर्दछन् ।



**बहिनीकै कारण गएको हो त अल्टम्यानको जागिर ?**

हालै अल्टम्यानको बहिनीले सामाजिक सञ्जालमा आफ्ना दाजुभाइले आफ्नो यौन शोषण गरेको आरोप लगाएकी थिइन् । यो पोष्टले निकै हंगामा मच्चाएको थियो । बहिनीको आरोपकै कारण अल्टम्यानको जागिर चैट भएको अड्कलबाजी पनि यति बेला भइरहेको छ ।

अल्टम्यानको बहिनी एनीले सामाजिक सञ्जालमा स्याम र ज्याकले आफ्नो शारीरिक, मानसिक शोषण गरेको अनि यौन उत्पीडन पनि गरेको बताएकी थिइन् । ओपनआईको भविष्यलाई लिएर अल्टम्यानले कुनै ठूलै कदम उठाउन चाहेको अनि सञ्चालक समिति यसप्रति सहमत नहुँदा उनलाई निकालिएको भन्ने खालको खबरहरु पनि आइरहेका छन् । कम्पनीमा सुरक्षा त्रुटि, गोपनीयताको हननको घटनालाई पनि अल्टम्यानको बर्खास्तीसँग जोडेर हेरिएको थियो । ओपनएआईको सबैभन्दा ठुलो लगानीकर्तामध्ये एक माइक्रोसफ्टले गएको केही दिनयता च्याटजीपीटीको प्रयोगमा रोक समेत लगाएको थियो ।

*-रातोपाटी डटकम*

# दूरसञ्चार प्राधिकरणलाई पत्र लेख्दै टिकटकले भन्यो- प्रतिबन्धको निर्णयले आश्चर्यमा पर्‍यौं

नेपालमा टिकटक प्रतिबन्ध गर्ने निर्णयले आश्चर्यमा परेको भन्दै टिकटकले नेपाल दूरसञ्चार प्राधिकरणलाई पत्र लेखेको छ । टिकटक, दक्षिण एसियाको सार्वजनिक नीति तथा सरकार सम्बन्ध प्रमुख फेरडोस मोटाकिनले प्राधिकरणका अध्यक्ष पुरूषोत्तम खनाललाई सम्बोधन गर्दै गत सोमबार नै पत्र पठाएका हुन् । कात्तिक २७ गते सोमबार बसेको मन्त्रिपरिषद बैठकले नेपालमा टिकटक नेपालमा बन्द गर्ने निर्णय गरेको थियो । त्यही दिन त्यसको जानकारी प्राधिकरणमार्फत इमेल गरी टिकटकलाई दिइएको थियो । त्यसको जवाफमा टिकटकले नेपाल सरकारको यो निर्णयप्रति आश्चर्य व्यक्त गर्दै बन्द गर्नुपर्ने वास्तविक कारणबारे आफूलाई जानकारी दिन अनुरोध गरेको छ ।

टिकटकले प्राधिकरणलाई लेखेको पत्रमा भनिएको छ, 'नेपाल सरकारको यो निर्णयबाट लाखौं नेपाली जनताहरू, जसले हाम्रो यो प्लेटफर्ममार्फत रचना र खुसी साटे, उनीहरू जस्तै हामी पनि आश्चर्यचकित छौं । यो प्लेटफर्मलाई छोटो समयमै नेपालका विभिन्न क्षेत्र, संस्कृति र सामाजिक आर्थिक तहका मानिसहरूले अँगालेका छन् । उनीहरूले यो प्लेटफर्म सूचना तथा शिक्षा, मनोरञ्जन तथा प्रेरणा आदानप्रदान गर्न प्रयोग गरेका छन् ।' नेपाल सरकारको टिकटक प्रतिबन्धको निर्णयले कम्पनीको लगानी योजनामा असर पर्नुका साथै युवा पुस्ताका नेपाली कन्टेन्ट क्रिएटरहरूलाई समेत असर गर्ने उसले बताएको छ । नेपालका थुप्रै युवाले टिकटकमार्फत व्यवसाय सञ्चालन गरेको र यसरी बन्द गर्दा उनीहरूको व्यवसायमै समस्या आउने भन्दै टिकटकले चिन्ता व्यक्त गरेको छ । प्रयोगकर्ताको सुरक्षा आफ्नो पहिलो प्राथमिकता भएको उल्लेख गर्दै टिकटकले आफ्नो प्लेटफर्मलाई सुरक्षित र स्वागतयोग्य वातावरण सुनिश्चित गर्न प्रतिबद्ध रहेको पनि जनाएको छ । 'विश्वव्यापी प्लेटफर्म भएकाले संसारभर हाम्रा हजारौं कर्मचारीहरू प्रयोगकर्ताका लागि सुरक्षित वातावरण तय गरिराख्नका लागि काम गरिरहेका छन्,' टिकटकले भनेको छ, 'हामी सामाजिक सदभावको मापदण्डभन्दा बाहिर पर्ने कन्टेन्ट र मानिसका व्यवहारहरू सम्बोधन गर्छौं । यसका लागि हामीले नीतिहरू र प्रविधिहरू व्यवस्था गरेका छौं । यिनले त्यस्ता मापदण्ड उल्लंघन गर्ने कन्टेन्ट र टिकटक खाता हटाउने काम पनि गर्छन् ।' प्राधिकरणलाई लेखेको पत्रमा टिकटकले नेपालमा टिकटक सञ्चालनका निम्ति गरेका केही प्रयासहरूबारे पनि प्रकाश पारेको छ ।

टिकटकका प्रतिनिधिहरूले गत कात्तिक १७ गते (नोभेम्बर ३) गृह मन्त्रालयअन्तर्गत साइबर अपराध नियन्त्रण र साइबर सुरक्षाको कमिटीसँग भेटघाट गरेको पत्रमा उल्लेख गरिएको छ । त्यस्तै गत असोज १८ गते ( अक्टोबर ५ मा) नेपालमा इन्टरनेट सुरक्षा सचेतना सम्बन्धी अभियान चलाउन सहमति पत्रमा हस्ताक्षर गरेको टिकटकले जनाएको छ । टिकटकले पत्रमा उल्लेख गरेको छ, 'हामीले नेपाल सरकारलाई गत जेठ २४ गते (जुन ७) मा नेपालको कानुनद्वारा वर्जित कुनै पनि सामग्री हटाउन सिधैँ अनुरोध गर्न सकिने पोर्टल, 'ट्रस्ट एन्ड सेफ्टी इन्फोर्समेन्ट टूल' को पहुँच दिएका थियौं । त्यस्तै भदौ १२ गते डिजिटल सर्भिस ट्याक्स पेयरका रूपमा दर्ता पनि गरेका छौं ।' टिकटकले आफ्नो प्लेटफर्मबारे जानकारी दिन प्राधिकरण, सिआइबी, साइबर ब्युरोसँग पटकपटक कार्यशालाहरू राखेको पनि उल्लेख गरेको छ । प्राधिकरणलाई दिइएको 'ट्रस्ट एन्ड सेफ्टी इन्फोर्समेन्ट टूल' को पहुँच साइबर ब्युरोलाई पनि हालै उपलब्ध गराएको उक्त पत्रमा भनिएको छ । यस्तै मापदण्ड विपरीत रहेका २९ लाख ८० हजार नेपाली भिडिओहरू हटाएको पनि टिकटकले जनाएको छ । सन् २०२२ अक्टोबरदेखि सन् २०२३ जुनसम्म उक्त संख्यामा भिडिओहरू हटाइएका उसले जनाएको छ । 'यी सबै कुराहरूले हामी नेपाल सरकारसँग सहकार्य गर्न कति प्रतिबद्ध र प्रयासरत छौं भन्ने देखिन्छ,' टिकटकले भनेको छ, 'यसकारण टिकटक बन्द गर्ने निर्णय नेपाल सरकारसँगको हाम्रो सहकार्य विपरीत छ । प्रयोगकर्ताको सुरक्षा सुनिश्चित गर्न र उनीहरूको कन्टेन्टमा के समस्या भएको हो भन्ने पहिचान गर्नका निम्ति टिकटक नेपाल सरकारसँग काम गरिरहन प्रतिबद्ध छ । त्यसैले हामी टिकटक बन्द गर्नुपर्ने वास्तविक र विशिष्ट कारणहरू के हुन् भनेर हामीलाई प्रस्ट जानकारी दिन नेपाल सरकारसँग अनुरोध गर्छौं ।' टिकटकलाई इन्टरनेटमा सुरक्षित प्लेटफर्म बनाउन थुप्रै प्रयास र यसका लागि उल्लेख्य लगानी पनि गरिरहेको पत्रमा उल्लेख छ । नेपाल सरकारले यसरी प्रतिबन्ध लगाउनुभन्दा सहयोग गरेमा सुरक्षाको लक्ष्य हासिल गर्न सहज हुने उसले बताएको छ ।

'हामी नेपालमा सुरक्षित तरिकाले टिकटक विस्तार गर्नका लागि नेपाल सरकारसँग सम्बन्ध कायम राखिरहन चाहन्छौं । हामीलाई यो मौका दिनुपर्छ भन्ने आशा पनि गर्छौं,' टिकटकले लेखेको पत्रमा भनिएको छ, 'मानिसहरूले आफ्ना अभिव्यक्तिहरू राख्न व्यापक रूपमा प्रयोग गरिरहेको प्लेटफर्म यसरी एकाएक बन्द गर्नु वाक स्वतन्त्रताविरूद्ध हो । हामी नेपाल सरकारले उठाएका कुनै पनि प्रश्न सम्बोधन गर्न र दुबै पक्षको हितमा हुने गरी काम गर्ने संकल्प गर्छौं । धन्यवाद ।'

*-सेतोपाटी डटकम*

# भूकम्पपीडितको लागि एक अर्ब ४१ करोड निकासा



**काठमाडौं,** मंसिर ४/सरकारले भूकम्पपीडितका लागि अस्थायी आवास निर्माण गर्न पहिलो किस्ताबापतको रु एक अर्ब ४१ करोड निकासा गरेको छ ।

गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सरकारी निर्णयका आधारमा जाजरकोट, रुकुमपश्चिम, बझाङ बाजुरा र सल्ल्यान जिल्लाका लागि उक्त रकम निकासा गरिएको हो । त्यसमध्ये सबैभन्दा बढी जाजरकोट र रुकुमपश्चिमका लागि रु ५०/५० करोड निकासा भएको प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काले जानकारी दिए । उनका अनुसार बझाङका लागि रु २५ करोड, बाजुराका लागि रु १४ करोड र सल्यानका लागि रु दुई करोड रकम निकासा भएको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको गत कात्तिक २६ को निर्णयबाट भूकम्पप्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण कार्यविधि २०८० स्वीकृत भएको थियो । उक्त कार्यविधिले निर्दिष्ट गरेको भूकम्पप्रभावित लाभग्राहीको अस्थायी आवास निर्माणको पहिलो किस्ता दिने प्रयोजनका लागि उक्त रकम निकासा गरिएको खड्काले बताए ।

उक्त रकम स्थानीय तहमार्फत लाभग्राही पहिचान गरी सम्बन्धित पालिकामार्फत जानेछ । प्राधिकरणले उल्लिखित कार्यविधि तथा प्रचलित कानुनले तोकेअनुसार लेखा राख्ने, लेखा परीक्षण गर्ने र गराउने व्यवस्था गर्न आदेशानुसार अनुरोध पनि गरेको छ । *-रासस*

# गाउँमा कोदो खेती...

...मानिसको स्वास्थ्यका लागि कोदोको महत्व धेरै रहे पनि खेती गर्ने जनशक्ति गाउँमा नहुँदा उत्पादन कम हुँदै गएको कविता सुनारले बताइन् । उनले यस वर्ष करिब दुई रोपनी बारीमा कोदो लगाएकी छिन् । पहिला-पहिला उनले एक वर्षमा पाँच मुरी कोदो उत्पादन लिने गरेकोमा हिजोआज भने वर्षमा करिब दुई मुरीसम्म उत्पादन हुने गरेको बताइन् ।

घरायसी प्रयोजनका लागि कोदो लगाउँदै आएकी सुनारले व्यावसायिक खेती गरेमा यसबाट राम्रै आम्दानी हुने बताउँछिन् । बजारमा कोदोको माग भने पछिल्ला वर्षमा बढ्दो छ । गाउँका धेरै किसानलले पाखो बारीमा कोदो लगाएर राम्रै कमाइ गर्थे तर अहिले भने धेरैले कोदो लगाउन छाडिसकेका छन् । औषधिका रुपमा समेत प्रयोग हुने कोदोलाई पोषिलो अन्न मानिन्छ । गाउँघरमा विस्तारै कोदो खेती गर्न छाड्दै गएपछि नयाँ पुस्ता कोदो खेतीबारे अवविज्ञ बनेका छन् । कोदो अन्य बालीभन्दा स्वस्थकर भएपनि आकर्षण घट्दै गएको छ । बढ्दो सहरीकरणको प्रभावले गाउँमा कोदो फल्ने जमिन बाँझिन थालेका छन् । ग्रामीण भेगका मानिस सहर पस्न थालेपछि कोदोले भरिभराउ हुने जमिन अहिले बाझिँदै गएका हुन् ।

कम मेहनतमा उत्पादन बढी हुने प्रयोग तथा उपयोगका क्रममा पोषणयुक्त खाद्यान्न बालीभित्र पर्ने भएपनि पोषिलो कोदोको पछिल्लो समयमा खाद्यान्नमा भन्दा अन्यत्र प्रयोग बढी हुन लागेकाले पनि कोदो खेती लोप हुने अवस्थामा पुगेको छ । परम्परागत शैलीमा स्थानीय जातको बीउ प्रयोग गरी मकैमा घुसुवा बालीका रुपमा लगाइने कोदो प्रायजसो जिल्लाका सबै गाउँबस्तीमा हुन्थ्यो तर आजभोलि कमै देख्न सकिन्छ । खाद्यान्नको रुपमा प्रयोग गरिने कोदो आजभोलि मदिरा बनाउन प्रयोग गरेका कारण कम मात्रामा खेती हुने गरेको किसान बताउँछन् । गाउँघरमा हेपिएको कोदो अहिले सहर बजारतिर खोजीखोजी खाना थालिएको छ । सडक सञ्जाल विस्तारसँगै सहर बजारबाट गाउँघरमा चामल, गहुँलगायत अन्नबाली भित्रिन थालेपछि पोषिलो कोदो, फापर, जौंजस्ता स्थानीय अन्नबाली किसानले लगाउन छाड्दै गएका हुन् । स्वास्थ्यका लागि लाभदायक अन्न फलाउन छाडेर बजारमा पाइने प्याकेटका तयारी खाना खान थालेपछि एकातिर स्थानीय अन्न लोप हुँदैछन्, भने अर्कोतिर मानिसमा अनेक किसिमका रोगको संक्रमण बढ्न थालेको छ । धान, गहुँ र मकैजस्तै कोदोलाई किसानले महत्व नदिएका कारण यो लोप हुँदै गएको हो । गाउँघरमा परम्परागत रुपमा खेती गरिदै आएको कोदो लोप हुने अवस्थामा छ भने सहर बजारमा यसको माग धेरै छ । बजारका ठूला-ठूला होटल रेष्टुराँ, होमस्टेमा कोदोको परिकार पाक्ने गर्दछ । कोदोबाट बनाइएको ढिँडो, सेलरोटी लगायतका परिकारमा ग्राहकको आकर्षण छ । घरबास (होमस्टे) मा विशेष गरी कोदोबाट विभिन्न परिकार बनाएर खुवाउने चलन पनि छ । कुनै समय गाउँघरमा बिहान साँझको जीविकाका लागि पाक्ने कोदो हिजोआज सहर बजारका ठूला-ठूला होटल, रेष्टुराँमा विभिन्न परिकार बनाएर बिक्री हुन थालेपछि पछिल्लो समय भने कोदोको परिचय बदलिएको छ । अहिले गाउँघरमा कोदोको परिकार खासै पाक्दैनन् तर सहर बजारका होटलमा यसको परिकार ग्राहकको रोजाइमा परेको छ । पहिला-पहिला कोदो गरिब, विपन्नको घरमा खाने अनाजको रुपमा समेत लिइन्थ्यो भने अहिले ठूला घर परिवारका सदस्यको रोजाइमा कोदो पर्दछ ।

## खेलकुद समाचार

# करौँते प्रतियोगितामा नेपाल टिम च्याम्पियन



**काठमाडौं,** मंसिर ४/श्रीलंकाको कोलोम्बोमा भएको १० औं अन्तर्राष्ट्रिय खुल्ला कराँते प्रतियोगितामा पाँच राष्ट्रलाई पछि पार्दै नेपाल टिम च्याम्पियन बनेको छ ।

नेपाल तीन स्वर्ण, २ रजत र ३ कांस्य पदकसाथ टिम च्याम्पियन भएको नेपाल वादोरियो कराँते संघका अध्यक्ष हरिशरण केसीले जानकारी दिए । बन्दरागमा इन्डोर स्टेडियममा भएको प्रतियोगितामा नेपालसहित भारत, श्रीलंका, पाकिस्तान र माल्दिभ्सका खेलाडीहरुको सहभागिता रहेको थियो । नेपालको प्रतिनिधित्व गर्दै देवकुमार शाहले कुमितेमा एक स्वर्ण र कातामा १ रजत गरी दुई पदक जित्न सफल भए । बेद जैसवाल र अन्स चौधरीले कुमितेमा स्वर्ण पदक प्राप्त गरे । आइलेसजङ्ग थापाले रजत जिते । नितिशा श्रेष्ठ, हिमानी थापा मगर र वीरबहादुर कुमालले कांस्य पदक हात पारेको टिम व्यवस्थापक राजेन्द्र कुँवरले जानकारी दिए ।

उद्घाटन समारोहमा नेपाली खेलाडीको हौसला बढाउन श्रीलंका पुगेका न्युरोलोजिस्ट डा. लेखजङ थापाले आफ्नो कला र सीप प्रर्दशन गरी उत्कृष्ट खेल खेलेर देशलाई विश्वमाझ चिनाउन आग्रह गरे ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# झिनो अंकले बढ्यो नेप्से परिसूचक



**पाल्पा,** मंसिर ४/तिहार र छठपछि खुलेको शेयर बजारमा झिनो अंकको सुधार देखिएको छ । आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक एक दशमलव ३९ अंकले बढेर एक हजार आठ सय ५३ दशमलव ४८ अंकमा कायम भएको हो ।

दुई सय ८४ कम्पनीको ३३ लाख १९ हजार पाँच सय ५८ कित्ता शेयर ४४ हजार सात सय २७ पटक खरिद बिक्री हुँदा रू एक अर्ब नौ करोड ९३ लाख १८ हजार २९ बराबरको कारोबार भएको छ । होटल तथा पर्यटन समूह एक दशमलव ८३, उत्पादन तथा प्रशोधन समूह एक दशमलव ९१, लघुवित्त समूह एक दशमलव ४२ र अन्य समूह शून्य दशमलव १३ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै बढ्नेमा भने व्यापार समूह एक दशमलव ४२ र विकास बैंक समूह एक दशमलव २६ प्रतिशतले बढेको छ । कारोबारमा फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था र सयपत्री हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

सबैभन्दा धेरै मूल्य बढ्नेमा भने ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर नौ दशमलव ९८ प्रतिशतले बढेको छ । शेयरका संख्याका आधारमा सबैभन्दा धेरै हिमालयन डिस्टिलरी लिमिटेडको रू सात करोड ३६ लाख २५ हजार छ सय ६६ कित्ता शेयर किनबेच भएको छ भने कारोबार भएको रकमका आधारमा सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको दुई लाख २४ हजार ८६ कित्ता शेयर किनबेच भएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई